**Nepali (Code: 024)**

**Class – X**

**2024-2025**

**SAMPLE QUESTION PAPER**

Time Allowed-3 Hrs Full marks-80

- **General Instructions:**
- ✓ Read the questions carefully before writing the answer.
- ✓ Ther are two parts in this question, Part 1 and Part 2.
- ✓ MCQs are given in Part 1.
- ✓ Descriptive questions are given in Part 2.

| | | |
|---|---|---|
| | **खण्ड 1**<br>**बहुवैकल्पिक प्रश्नहरू** | |
| **1.** | **निम्नलिखित अनुच्छेद पढ़ेर सोधिएका प्रश्नका उत्तर लेख्नुहोस्।** | **5x1=5** |
| | पिता छविलाल गिरी र माता श्रीमती विमलादेवी गिरीका सुपुत्र जातीय गोर्खा कवि अगमसिंह गिरीको जन्म सन् १९२७को दिसम्बर २७ तारिक दार्जीलिङको चाँदमारीमा भएको थियो।<br>'नौलाखे तारा उदाये' लेख्ने गिरीको यो गीतलाई एकपटक भारत सरकारले प्रतिबन्ध लगाएको थियो। यसकै प्रतिफल हुन् उनका याद(खण्डकाव्य), जीवन गीत (कवितासङ्ग्रह), आत्मकथा (खण्डकाव्य), आँसु, युद्ध र योद्धा (खण्डकाव्य), जलेका प्रतिबिम्बः रोएको प्रतिध्वनि (कवितासङ्ग्रह) आदि कृतिहरू प्रकाशित भएका छन्। 'क्रन्दन' भन्ने शार्दूलविक्रीडित छन्दमा लेखिएको कविता उनले नेपालप्रति लेखेका छन्। संस्कृत छन्दहरूमा केही कविता लेखेबाहेक उनका सम्पूर्ण कविताहरू लयबद्ध छन्। मानव विरहको औधि राम्रो चित्रण गिरीका कविताको विशेषता हो। गिरीका सबै कृतिहरू दुर्लभ पर्न थालेपछि समग्र गिरीका कृतिहरूलाई समेटेर सिक्किमको **निर्माण प्रकाशन**ले 'अगमसिंह गिरी रचनावली' नामक कृतिहरू चार भागमा प्रकाशित गरिसकेको छ। आज उनका नाममा दार्जीलिङ, सिक्किम र अन्य कतिपय ठाउँहरूबाट अगमसिंह गिरी स्मृति पुरस्कारहरू साहित्यमा उत्कृष्ट सेवा गर्ने व्यक्तिहरूलाई वर्षेनी प्रदान गरिन्छ। | |
| **i.** | कवि अगमसिंह गिरीको माताको नाम के थियो? | |

| | | |
|---|---|---|
| | **A.** विमलादेवी गिरी।<br>**B.** विमलादेवी छेत्री।<br>**C.** विमला भण्डारी।<br>**D.** छविमाया गिरी। | |
| **ii.** | अगमसिंह गिरीको जन्म कहाँ भएको थियो?<br>**A.** दार्जीलिङको चानबारीमा।<br>**B.** दार्जीलिङको चाँदमारीमा।<br>**C.** असममाको चाँदमारीमा।<br>**D.** दार्जीलिङको चाँदघारीमा। | |
| **iii.** | .................... लाई एकपटक भारत सरकारले प्रतिबन्ध लगाएको थियो।<br>**A.** आँशु (खण्डकाव्य)<br>**B.** याद (खण्डकाव्य)<br>**C.** नौलाखे तारा उदाये (गीत)<br>**D.** जीवन गीत (कवितासङ्ग्रह) | |
| **iv.** | ................. समग्र गिरीका कृतिहरूलाई समेटेर सिक्किमको निर्माण प्रकाशनले उनका कृतिहरू चार भागमा प्रकाशित गरिसकेको छ।<br>**A.** निर्माण प्रकाशन खोलेकाले।<br>**B.** अगमसिंह गिरीले अनुरोध गरेकाले।<br>**C.** अगमसिंह गिरी भारतीय भएकाले।<br>**D.** गिरीका सबै कृतिहरू दुर्लभ पर्न थालेपछि। | |
| **v.** | 'युद्ध र योद्धा' र 'जलेका प्रतिबिम्बः रोएको प्रतिध्वनि' क्रमशः .............. हुन्।<br>**A.** कवितासङ्ग्रह र खण्डकाव्य।<br>**B.** खण्डकाव्य र कवितासङ्ग्रह।<br>**C.** खण्डकाव्य र खण्डकाव्य।<br>**D.** कवितासङ्ग्रह र कवितासङ्ग्रह। | |
| **2.** | **निम्नलिखित कवितांश पढ़ेर सोधिएका प्रश्नहरूको सही विकल्प लेख्नुहोस्।** | **5x1=5** |
| | हँसाउन सक्दैनौ भने अरूलाई<br>रुवाउने पनि हक छैन<br>धरतीको अनावश्यक बोझ बनेर<br>अझै बाँच्ने तिमीलाई हक छैन।<br>तिमी मरेर हुँदैन कोख बाँझो आमाको | |

| | | |
|---|---|---|
| | न स्वास्नी विधवा हुन्छे<br>न छोरा-छोरी टुहुरा हुन्छन्<br>भन गर्न के सक्यौ तिमीले देशको लागि ?<br>अनि के गर्यौ समाज र आफन्तको लागि?<br>जब तिमी स्वयं बाँच्ने आशमा हात फैलाउँदै हुन्छौ<br>त्यसैले त तिमी निष्काम भएका छौ<br>मान्छेका नाउँमा कलङ्क तिमी<br>बदनाम भएका छौ समाजदेखि<br>स्वार्थ बटुल्न नजानेर<br>परिवारका हरेक इच्छा पूरा गर्न नसक्दा<br>घृणा र अपमानका पात्र भएका तिमी<br>हो रूप, यौवन र श्रम सबै बाँड़िसकेपछि<br>रहेको केही चोखो विवेक पनि<br>समस्या र त्यसकै समाधानमा धितो राख्नुपर्दा<br>अपाङ्ग, रोगी, गरीब र निमुखा भएका तिमी<br>रस चुसिसकेपछि खोस्टा मात्र बाँकी<br>तिम्रो आवश्यकता छँदै छैन रे<br>त्यसैले अब तिमीले<br>बाँच्ने हक पनि छैन रे। | |
| **i.** | यहाँ कसको बाँच्ने हक सकिएको छ ?<br>**A.** 'तिमी'को<br>**B.** 'म'को।<br>**C.** 'त्यस'को।<br>**D.** 'उनी'को। | |
| **ii.** | 'तिमी' पात्र किन हात फैलाउँदै हिँड्छ ?<br>**A.** खानको निम्ति।<br>**B.** भोकको कारणले।<br>**C.** बाँच्ने आशामा।<br>**D.** बिमारी भएकाले। | |
| **iii.** | यहाँ 'तिमी' किन बदनाम भएको छ ?<br>**A.** निष्काम भएर।<br>**B.** स्वार्थ बटुल्न नजानेर।<br>**C.** चोरी गरेर।<br>**D.** सबैलाई ढ़ाँटेर। | |
| **iv.** | यौवन, रूप र श्रम बाँड़िसकेपछि उ के भएको छ ? | |

| | | |
|---|---|---|
| | **A.** कुरूप वृद्ध भएको छ।<br>**B.** रोगले ग्रस्त भएर ओच्छ्यान परेको छ।<br>**C.** बलियो भएको छ।<br>**D.** अपाङ्ग, रोगी, गरीब भएको छ। | |
| **v.** | 'समस्या' शब्दको विपरीत के हुन्छ ?<br>**A.** अपमान।<br>**B.** समाधान।<br>**C.** धितो।<br>**D.** घृणा। | |
| **3.** | **निम्नलिखित बहुवैकल्पिक प्रश्नहरूका सही विकल्प लेख्नुहोस्।** | **10x1=10** |
| **i.** | अन्य पदार्थ मुख्य हुने समास भनेको ................................ हो।<br>**A.** अव्ययीभाव समास।<br>**B.** कर्मधारय समास।<br>**C.** द्वन्द्व समास।<br>**D.** बहुब्रीहि समास। | |
| **ii.** | 'केटा र केटी - केटाकेटी, सीता र राम - सीताराम।' – यो कुन समास हो?<br>**A.** द्वन्द्व समास।<br>**B.** द्विगु समास।<br>**C.** तत्पुरूष समास।<br>**D.** कर्मधारय समास। | |
| **iii.** | 'हाम्रो घर <u>बजारमा</u> छ।' -रेखाङ्कित पदमा कुन कारकको विभक्ति प्रयोग भएको छ?<br>**A.** सम्प्रदान कारक।<br>**B.** कर्ता कारक।<br>**C.** अधिकारण कारक।<br>**D.** सम्बन्ध कारक। | |
| **iv.** | सम्बोधन कारकको चिह्न के हो?<br>**A.** मा।<br>**B.** ए...!<br>**C.** को,का,की।<br>**D.** ले। | |
| **v.** | 'उचित' शब्दको विपरीत के हुन्छ ?<br>**A.** अनुचित । | |

| | | |
|---|---|---|
| | **B.** अनुदार ।<br>**C.** उपकार।<br>**D.** अपकार। | |
| **vi.** | 'अनु'को अर्थ पछि वा पछाड़ि हो भने 'अणु'को अर्थ ................ हुन्छ।<br>**A.** धेरै अग्लो।<br>**B.** फराकिलो।<br>**C.** ठूलोभन्दा ठूलो।<br>**D.** सानोभन्दा सानो। | |
| **vii.** | भिन्नार्थक शब्दको अर्को नाम के हो?<br>**A.** विलोम शब्द।<br>**B.** प्रतिशब्द।<br>**C.** समोच्चारित शब्द।<br>**D.** वाक्यसङ्क्षेप। | |
| **viii.** | जसको उपमा छैन - ............................।<br>**A.** अनुज।<br>**B.** अनुपम।<br>**C.** अभूतपूर्व।<br>**D.** अयोग्य। | |
| **ix.** | 'टीका'को अनेकार्थक रूप कुन सही छ?<br>**A.** अङ्क, निधारमा लगाइने चिह्न, विजयादशमी।<br>**B.** व्याख्यान, हिजोआज, विजयादशमी।<br>**C.** व्याख्यान, निधारमा लगाइने चिह्न, पराजय।<br>**D.** व्याख्यान, निधारमा लगाइने चिह्न, विजयादशमी। | |
| **x.** | सामासिक शब्दलाई अलग गर्नुलाई ............ भनिन्छ?<br>**A.** समस्त पद।<br>**B.** विग्रह।<br>**C.** विच्छेद।<br>**D.** प्रतिशब्द। | |
| | **खण्ड 2 : वर्णनात्मक प्रश्न** | |
| **4.** | **निम्न प्रश्नहरूका उत्तर लेख्नुहोस्।** | **3x2=6** |
| **i** | करण वाक्य भन्नाले के बुझिन्छ? उदाहरणसहित स्पष्ट बनाउनुहोस्। | |
| **ii** | तलका वाक्यलाई निर्देशअनुसार परिवर्तन गर्नुहोस्।<br>□) त्यो मान्छे धनी छ तर लोभी छ।(सरल वाक्य)<br>□) पढ़ेका मानिसको जहीँ पनि कदर हुन्छ।(मिश्र वाक्य) | |
| **iii** | तलका वाग्धारा प्रयोग गरेर वाक्य बनाउनुहोस्।<br>**क)**आगो हुनु। | |

| | | |
|---|---|---|
| | **ख)** डाँडाको घाम हुनु। | |
| **5.** | **निम्न प्रश्नहरूका उत्तर लेख्नुहोस्।** | |
| **i.** | 'परालको आगो' कथाका कुनै दुई पात्र-पात्राका नाम लेख्नुहोस्। | **2** |
| **ii.** | कालेको बाउ र आमा कतिबेला नाटकमा माग्नेको भुमिकामा खेल्ने पात्र जस्ता देखिएका थिए?<br>वा<br>'सोझा' निबन्धमा निबन्धकारले सोझा मानिसलाई समाजबाट किन सिध्याउनुपर्छ भनेका हुन्? | **2** |
| **iii.** | डा. नानोले फेरसको मुहारमा उदासी र विरक्ति देख्नुको कारण के थियो? | **2** |
| **iv.** | "सरमान गाईलाई घाँस हाल्न गएको छ, आफै चिया बनाएर खाऊ है।"<br>उक्त वाक्य कसले कसलाई भनेको हो? | **2** |
| **v.** | चामेको चरित्र चित्रण गर्नुहोस्। | **3** |
| **vi.** | कालेको घरमा हुरी चलेको राती के कस्ता घटनाहरू घटे? | **3** |
| **6.** | **निम्न कुनै चार प्रश्नहरूका उत्तर लेख्नुहोस्।** | **4x3=12** |
| **i.** | 'इस् पढ्छु तेरो कविता' कविताले के भन्न खोजेको छ? | |
| **ii.** | देवकोटाले यात्रीहरूलाई फर्किएर के गर भनेका छन्? | |
| **iii.** | 'आकाशका तारा के तारा कविता'मा आकाशका तारा सम्मानित भएको तर धरतीको तारा किन सम्मानित नभएको देखाएका छन्? | |
| **iv.** | भूपि शेरचनका अनुसार शहीदको सम्मान हामीले के-कस्ता कारणले गर्नुपर्ने देखिएको छ? | |
| **v.** | 'सत्य सन्देश' कवितामा कविले हाम्रो मन उज्यालो छ भने के-के उज्यालो देखिन्छ भनेका छन्? | |
| **7.** | **निम्न प्रश्नहरूका उत्तर लेख्नुहोस्।** | |
| **i.** | सेतीले रनेलाई किन "नमार नमार" भनेकी थिई? | **2** |
| **ii.** | लक्ष्मीले के कुरा ढाँटेर गल्ती गरेको महसुस गरेकी छे?<br>वा<br>कमलले आफ्नो दाज्यूलाई किन मार्न खोजेकी हो? | **2** |
| **iii.** | लक्ष्मीको लोग्ने घरमा किन फर्किएर आउन सकेको थिएन? | **3** |
| **iv.** | "म कति नराम्री छु नि, सुरी ! केही चीजले त्यो अन्तिम पातलाई त्यहीँ राखेको छ।" : यो वाक्य कसले कसलाई कुन प्रसङ्गमा भनेको हो? | **3** |

| | | |
|---|---|---|
| **8.** | **निम्नलिखित प्रश्नहरूमध्ये कुनै दुईवटा प्रश्नका उत्तर लेख्नुहोस्।** | **2x2=4** |
| **i.** | इन्द्रबहादुर राईको जन्म कहाँ र कहिले भएको थियो? | |
| **ii.** | राजेन्द्र भण्डारीका कुनै दुई कृतिको नाम लेख्नुहोस्। | |
| **iii.** | लक्खीदेवी सुन्दासले प्राप्त गरेको कुनै दुई पुरस्कारको नाम लेख्नुहोस्। | |
| **9.** | तल दिइएका कुनै एउटा विषयमा 150 शब्दसम्मको चाखलाग्दो निबन्ध लेख्नुहोस्।<br>• विद्यार्थी जीवन।<br>• विद्यार्थीहरूमा सामाजिक सञ्जालको प्रभाव। | **5** |
| **10.** | मोवाइलको दुरूपयोग गर्नु हुँदैन भन्ने विषयलाई स्पष्ट बनाउँदै आफ्नो भाइलाई एउटा पत्र लेख्नुहोस्।<br>वा<br>हिजोदेखि नै ज्वरो र खोकीले ग्रस्त भएको कारण विद्यालयमा उपस्थित हुन नसक्ने विषयमा जानकारी गराउँदै प्राचार्यलाई एउटा निवेदन लेख्नुहोस्। | **5** |
| **11.** | **निम्नलिखित वाक्यहरूलाई नेपालीमा अनुवाद गर्नुहोस्।**<br>I shall be waiting.<br>Having heard this news he became sad.<br>I have been waiting for your letter since yesterday.<br>They had reached the station before the train came. | **4** |